स्थानीय सरकार

तेमाल गाउँपालिका

आ.व. २०७८।०७९ को राजश्व, आय र व्यय अनुमान

नवौं गाउँसभा

मिति २०७८ असार १५ गतेका दिन तेमाल गाउँपालिकाको नवौं गाउँसभाको बैठकमा राजश्व, आय व्यय अनुमान

बजेट तथा कार्यक्रम तर्जुमा समितिकका संयोजक श्री दुर्गा माया तामाङज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०७८।७९ को

राजश्व, आय व्यय अनुमान र बजेट तथा कार्यक्रम

२०७८

**सभाध्यक्ष महोदय,**

१. विधामान चित्रमा नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, एकता, राष्ट्रिय हित र स्वाभिमानको गौरवपूर्ण इतिहस कायम गरेको छ । यस गौरवमय पहिचान, सामाजिक रुपान्तरण, राष्ट्रिय अस्मिताको रक्षाका साथै विभिन्न कालखण्डमा जनजीविकाको स्वर्णीम भविष्यका लागी आफ्ने जीवन अर्पण गर्ने महान ज्ञात अज्ञात शहिदहरु प्रति हार्दीक श्रद्वाञ्जली व्यक्त गर्दछु ।

"समृद्ध नेपाल, सुखी नेपाली" को नारालाई पूर्णतः आत्मसाथ गर्दै समाजवाद उन्मूख नेपालको नवनिर्माण अभियानमा अघि बढीरहेको अवस्थामा विश्व मानव इतिहसकै संकटको रुपामा देखापरेको कोभिड -१९ को दोस्रो लहरको महामारीले मूलुक अक्रान्त बनिरहेको छ । कोभिड-१९ का कारण जटिल र चुनौतीपूर्ण बनेको अवस्थालाई मध्येनजर गर्दै जनताको चाहना बमोजिम विकास र भावी दिनका कार्ययोजनाहरु समायानुकुल बनाउदै नविन अवसर समेत श्रृजना गर्नेगरी अघि बढ्नु पर्ने स्थिति विद्यमान रहेको छ ।

२. आज असार १० गते तेमाल गाउँपालिकाको उपाध्यक्षको हैसियातले यस गरिमामय सभामा आ.व. २०७८।०७९ को वार्षिक राजश्व र व्ययको अनुमान पेशा गर्न उभिएको छु ।

सभाध्यक्ष महोदय,

राजनैतिक, सामाजिक, संस्कृतिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरु प्रति आदरभाव प्रकट गर्दछु ।

३. कोभिड-१९ ले विश्व जनमानसमा संकट पैदा गरेको, आर्थिक सामाजिक अवस्थालाई नकारात्मक असर सार्वजनिक सेवा प्रवाह र विकास निर्माणमा समेत परेको अवस्थामा यस महामारीसंग जुझ्दै आगमी दिनका कार्यक्रमहरु समेत कोभिड-१९ अनुकूलन हुने बनाउनु आजको अपरिहार्य आवश्यकता महशुस गरिएको छ ।

४. कोभिड-१९ महामारी सामना गर्नका लागि आवश्यक संयन्त्रहरु चुस्त राखी केन्द्र र प्रदेश सरकारसँग समन्वय र सहकार्य मार्फत कोरोना रोग रोकथाम, नियन्त्रण, उपचार र राहत लगायतका विषयहरुलाई निरन्तर उच्चा प्रथमिकातामा राखी कार्यान्वयन गर्नुपर्ने अवस्था छ ।

५. यस विचमा परिस्थितिको सन्दर्भमा उत्पन्न हुन सक्ने बेरोजगारीको अवस्थालाई ध्यानमा राख्दै कृषि उत्पनदान र रोजगारी श्रृजना गर्ने कार्यलाई सर्वोपरी बनाई अघि बढ्ने महत्वपूर्ण जिमेम्वारी हामी सवैको रहेको छ ।

६. विकासका हरेक प्रक्रियामा नागरिकको प्रत्यक्ष संलग्नता र सहभागीलाई थप प्रभावकारी बनाउदै विकासलाई जनमूखी,पारदर्शी, जवाफदेही र सामाजिक, आर्थिक, संस्कृतिक रुपान्तरणको आधारको रुपमा विकास गर्नु र सेवा प्रवाहलाई बढी भन्दा बढी सूचना प्रविधिमैत्री बनाउनु हामि सबैको दायित्व बनेको छ ।

७. एक सुढृढ सक्षम र समृद्ध गाउँपालिका निर्माणका लागि आवश्यक पूर्वाधार निर्माण कार्य अन्तिम चरणमा पुगिरहेको अवस्थामा कोरोना महामारिको समना गर्दै अन्तरिक उत्पादकत्व वृद्वि, स्थानीय

अर्थतन्त्रका क्षेत्रहरुको पहिचान तथा आर्थिक प्रवर्द्धन, सार्वजनिक निर्माणको गुणस्तरियता अभिवृद्धि गर्नुपर्ने विषय चुनौतीका रुपमा हामी सामु रहेको छ ।

८. प्राप्त अवसरहरुको सदुपयोग र संभावित चुनौतीहरुको समना गर्ने गरी आगामी आर्थिक वर्षको बजेट तयार गरेको छु ।

**प्रस्तुत वजेटका उद्देश्यहरु निम्नुसार रहेका छन्**

१. कोरोना महामारीका करण श्रृजना भएका जटिलताहरुसँग सजक रहदै सोही अनुकुल कार्यक्रमहरु बनाई आवश्यक कार्यान्वियन गर्ने,
२. उत्पादन वृद्धि र रोजगारी श्रृजना साथै वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको उचित पहिचान गर्ने,
३. आर्थिक, सामाजिक स्थिरता तथा समष्टिगत स्थायीत्व कायम राख्ने,
४. जनचाहाना वमोजिम पूर्वाधार निर्माण गरी तिव्र र दिगो आर्थिक विकास गर्ने,
५. गाउँपालिकाद्धारा प्रदान गरिने सेवाहरामा सबै नगारिकहरुको सरल र सहज पहुँच स्थापित गर्ने ।

९. उल्लेखित उद्दाश्यहरु हासिल गर्नका लागी आगामी आर्थिक वर्षको प्रथमिकताहरु देहय बमोजिम हुने गरि निर्धारण गरिएको छु ।

१. कोरोना महामारीसँग जुध्न स्वास्थ्य क्षेत्रको सबै संयन्त्रहरुलाई सक्रिय परिचालन, सुदृढीकारण र सवलीकरणमा विशेष जोड,
२. स्थानीय स्तरमा रोजगारीका अवसरमा वृद्धि,
३. गुणस्तरिय उत्पादन र उत्पाकत्वमा वृद्धि,
४. कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरण,
५. शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाईमा उचित लगानी र प्रवर्द्धन,
६. दिगो सडक निर्माण र गुणस्तरिय स्तरोन्नती,
७. पर्यटन, वन तथा वातावरण र पूर्वाधारको विकास,
८. सार्वजनिक प्रशासनको सवलिकरण र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग,
९. संस्थागत विकास र नियमन ।

**सभाध्यक्ष महोदय,**

१०. अब म यिनै चुनौती, उद्देश्य र प्रथमिकताको आधारमा तयार गरिको आगमि आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**आगामी आर्थिक वर्ष २०७८।०७९ को अनुमानित आन्तरिक आम्दानी तर्फ**

| क स | शिर्षक | आ व २०७८।०७९ को अनुमानित |
|---|---|---|
| १ | सिफारिस दस्तुर | ३००००० |
| २ | नाता प्रमाणित | ६०००० |
| ३ | घटना दर्ता दस्तुर | १००००० |
| ४ | व्यवसायिक रजिस्ट्रेशन दस्तुर | १५०००० |
| ५ | अन्य प्रशासनिक कर | १००००० |
| ६ | अन्य कर | १००००० |
| ७ | घर वहाल कर | ८०००० |
| ८ | कृषिजन्य उत्पादनन विक्रिवाट प्राप्त | ३००००० |
| ९ | एकिकृत सम्पति कर | ५००० |
| १० | मालपोत कर | १०००००० |
| ११ | पर्यटन शुल्क | ० |
| १२ | व्यवसाय कर | १००००० |
| १३ | वेरुजु | २००००० |
| **दहत्तर बहत्तर शुल्क तर्फ** | | |
| १ | रोशी क्षेत्र तथा कोशि क्षेत्र खनिजन्य विक्रि शुल्क | ५२२०००० |
| २ | चुखा बेशि, ब्लेन्दे बगार,चिउरी आँप बगार | १७२८५००० |
| | **कूल जम्मा आन्तरिक आम्दानी रु** | **२५००००००** |

## तेमाल गाउँपालिको आ.व २०७८।०७९ को आयको विवरण

| सि.नं. | आय शीर्षक | अनुमानित रकम (रु) |
|---|---|---|
| १ | वित्तिय समानीकरण अनुदान (संघिय सरकार) | ९५६००००० |
| २ | सर्शत अनुदान (संघिय सरकार) | १९९०००००० |
| ३ | विशेष अनुदान (संघिय सरकार) | १६६००००० |
| ४ | राजश्व बाँडफाँड (संघिय सरकार) | ६८३८८००० |
| ५ | वित्तिय समानीकरण अनुदान (प्रदेश सरकार) | ७७७७००० |
| ६ | समपुरक अनुदान (प्रदेश सरकार) | १८६२८००० |
| ७ | सर्शत अनुदान (प्रदेश सरकार) | १३२४९००० |
| ८ | सवारी साधन कार बाँडफाँड (प्रदेश सरकार) | १७२१०००० |
| ९ | आन्तरिक आय | २५०००००० |
| १० | आन्तरिक कोष मौज्दात | ०.०० |
| ११ | बाँकी मौज्दात (संञ्चित कोष) | ३०००००००० |
| १२ | राजश्व बाँडफाँड | ०.०० |
| १३ | वन क्षेत्रको रोयल्टी | ०.०० |
| १४ | स्रोत बाँडफाँड | ०.०० |
| १५ | तेमाल प्रकोप व्यवस्थापन कोष | ५००००००.०० |
| | **जम्मा** | **४९६४५२०००.००** |

आ.व २०७८।०७९ मा व्यायको विवरण

| सि.नं. | व्यय शीर्षक | अनुमानित व्यय रकम (रु) |
|---|---|---|
| १ | सर्शत अनुदान (संघिय सरकार) | १९९000000.00 |
| २ | विशेष अनुदान (संघिय सरकार) | 16600000 |
| ३ | समपुरक अनुदान (प्रदेश सरकार) | १८६२८000.00 |
| ४ | सर्शत अनुदान (प्रदेश सरकार) | १३२४९000.00 |
| ५ | चालु खर्च तर्फका कार्यक्रमहरु | ६५000000 |
| ६ | समपुरक तर्फ (डम्फु पार्क निर्माण, तामाङ संग्राहलय) | १८६00000 |
| ७ | पालिका भवन व्यवस्थापन तर्फ | १0000000 |
| ८ | विपद व्यवस्थापन कोष | ८५00000 |
| ९ | तेमाल प्रकोप कोरोना कोष | १0000000 |
| १० | शिक्षा क्षेत्र | १0000000 |
| ११ | स्वास्थ्य क्षेत्र | १५000000 |
| १२ | कृषि क्षेत्र | ६000000 |
| १३ | पशुपन्छी क्षेत्र | ४000000 |
| १४ | इन्जिनिरिङ सामग्री खरिद | १५00000 |
| १५ | अफिस अटोमेशन सिस्टम तर्फ | ३000000 |
| १६ | न्यायिक समिति व्यवस्थापन | १३00000 |
| १७ | महिला तथा बालबालिका विकास कार्यक्रम | १८00000 |
| १८ | दलित उथ्थान कार्यक्रम | ६00000 |
| १९ | नारायणस्थान माविमा क्याम्पस सञ्चालन | ३५00000 |
| २० | तेमाल रंगशाला निर्माण | ६000000 |

| | | |
|---|---|---|
| २१ | गूरु रेन्पोर्चे | १५००००० |
| २२ | घेलुङ प्रवेशद्वार | ५००००० |
| २३ | बोहोरे दोभान प्रेवशद्वार | ५००००० |
| २४ | अध्यक्ष कप | १०००००० |
| २५ | तिमाल ग्रामिण विद्युतीकरण भवन व्यवस्थापन र सिढि निर्माण | १०००००० |
| | **जम्मा** | **४१६७७०००** |
| २६ | पालिका तर्फका कार्यक्रमहरु | १४६७५००० |
| २७ | वडा कार्यालय तर्फका कार्यक्रमहरु | ६५०००००० |
| | जम्मा कुल बजेट | ४९६४५२००० |